**प्रेस विज्ञप्ति**

## वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा सरकारलाई १,००० व्यक्तिगत सुरक्षात्मक उपकरण (पीपीई) र १२० आई.आर थर्मोमिटर सहयोग

**काठमाडौं, २०७७ बैशाख ९** - देशमा कोरोना भाइरसको महामारी फैलन सक्ने कुराबारे चासो बढी रहँदा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले नेपाल सरकारलाई १००० पीपीई र १२० इन्फारेड थर्मोमिटर सहयोग गरेको छ। पीपीई सेट तथा सरसफाई प्रयोजनका सामग्रीहरु महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पर्वत गुरुङद्वारा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मन्त्रालयका केही कर्मचारीहरुका बीचमा हस्तान्तरण गरिएको छ। हस्तान्तरण गरिएका प्रत्येक सेटमा पीपीई लगायत अन्य चिकित्सा प्रयोगका गरी १९ सामग्रीहरु रहेका छन्। उक्त पीपीई सहयोग वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आफ्नो तीन महिने कोभिड–१९ प्रतिकार्य योजना अन्तर्गत गरेका हो जसको उद्देश्य नेपाल सरकारलाई कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न मद्दत गर्नुका साथै कोभिड–१९ प्रभावित बालबालिका, महिला तथा अत्ति जोखिममा रहेका समुदायहरुलाई सहयोग गर्नु हो।

हस्तान्तरण समारोहमा आफ्नो भनाई राख्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पर्वत गुरुङले भन्नु भयो, *"सरकारले हालै नेपाल सरकारले गैर सरकारी संस्थाहरुलाई कोभिड १९ फैलिने जोखिम नियन्त्रण गर्नका लागि परिचालन गर्ने निर्णय गरेको थियो। सो निर्णय सगैं महिला बाल बालिका तथा जेष्ठ नागरिक मन्त्रालयसगँको समन्वयमा कोभिड १९ रोकथामको लागि सरकारको तत्कालका आवश्यकताहरुमा सहयोग गर्ने वर्ल्ड भिजन इन्टरनेशनल नेपाल स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ। समाज कल्याण परिषदको सहजीकरणमा सो नियर्ण पश्चात यति ठुलो संख्यामा स्वास्थ्य सामाग्री प्रदान गर्ने वर्ल्ड भिजन सम्भवत पहिलो अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हो। अहिले सबै भन्दा जटिल अवस्थामाा रहेको जिल्ला उदयपुरमा लगाएत १३ जिल्लामा तत्काल समाग्रीहरु पुग्ने छन्। म अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्थाहरुलाई पनि मन्त्रालयको समन्वोयमा सरकारका तत्कालिन आवश्यकताहरुलाई मध्यनजर गरी प्रतिकार्य कार्यक्रम अघि बढाउन आग्रह गर्दछु।"*

सोही समारोहमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालका राष्ट्रिय निर्देशक जेनिस गिन्टिङ्गले भन्नुभयो, *"नेपाल सरकारको सक्रिय साझेदार भएकाले हामी नेपाल सरकारलाई कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न मद्दत गर्न प्रतिबद्ध छौं। सन् २००१ देखि नेपाल सरकारलाई वर्ल्ड भिजन इन्टरनेशनल नेपालले राष्ट्रिय विकासका प्राथमिकता तथा मानवीय सङ्कटहरुलाई संबोधन गर्न सहयोग गर्दै आएको छ। सन् २०१५ को विनासकारी भूकम्पको प्रतिकार्यमा पनि वर्ल्ड भिजनले नेपाल सरकारलाई सक्रिय रुपमा सहयोग गरेको थियो। तत्कालका लागि हाम्रो कोभिड–१९ प्रतिकार्य योजना १४ जिल्लामा मात्र संचालन हुने भएतापनि आवश्यक अनुरुप अन्य ठाउँ/जिल्लाहरुमा सहयोग बिस्तार गर्न हामी प्रतिबद्ध छौ। बालबालिका केन्द्रित संस्था वर्ल्ड भिजन, नेपालका बालबालिकाको सम्बृद्धिको लागि योगदान गर्न पाएकोमा गौरव महसुस गर्दछ र आगामी दिनमा नेपाल सरकारको सामाजिक तथा आर्थिक विकासका प्राथमिकताहरु र दिगो विकासका लक्ष्यहरुलाई आधारमानी विकासका अन्य मुद्दाहरुलाई सम्बोधन गर्न प्रतिवद्ध छ।"*

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको प्रतिकार्य योजना मार्फत पहिलो ३० दिन वर्ल्ड भिजनले सार्वजनिक स्वास्थ्य संस्था तथा प्रशासनलाई अत्यावश्यक उपकरणहरु वितरण गर्नुका साथै परम्परागत मिडिया र सामाजिक संजालको प्रयोग गरि

नेपाल सरकारलाई कोरोना भाइरस रोकथामबारे सुचना तथा सन्देश प्रवाह गर्न मद्दत गर्नेछ । ३० दिन पश्चात भने कोभिड–१९ प्रभावित परिवार तथा समुदायहरुको तत्काल आवश्यकताहरु परिपूर्ती गर्दै बहुक्षेत्रगत कार्यक्रमहरु मार्फत उनीहरुलाई आफ्नो जिविकोपार्जन पुनर्स्थापना गर्न मद्दत गर्नेछ । बालबालिकालाई केन्द्रमा राखी तयार पारिएको उक्त प्रतिकार्य योजना वर्ल्ड भिजनको कार्यक्रम रहेको १४ जिल्लाहरुमा संचालन हुनेछ ।

**थप जानकारी तथा सन्चार माध्यममा अन्तर्वार्ताका लागि सम्पर्क व्यक्ति :**
प्रतिष्ठा कोइराला
कम्युनिकेसन्स म्यानेजर, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल
इमेल : pratistha_koirala@wvi.org
फोन : +९७७-९८४९४०५९७६
स्काइप : pratistha.koirala

**सम्पादकका लागि नोट :**

*वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौँ बालबालिका जीवनमा परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । वर्ल्ड भिजनले स्थानीय समुदायहरु, नागरिक समाज, सरकार तथा निजी क्षेत्रसगँको समन्वय, पारस्परिक सहभागिता, आपसी विश्वास, उत्तरदायित्व र जिम्मेवारी मार्फत साझा लक्ष्य र दृष्टिकोण बनाउँदै बालबालिकाको हितमा काम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ । हामी इसाई आस्थामा आधारित संस्था हौ, जसले जातजाति, सम्प्रदाय लिङ्ग वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र परिवारहरु सबैको सेवा गर्दछ ।*

*वर्ल्ड भिजन इन्टरनेशनलको विश्वका १०० भन्दा बढी देशहरुमा कार्यरत छ जस मध्ये वर्ल्ड भिजन इन्टरनेशनल नेपाल एक हो । वर्ल्ड भिजन इन्टरनेशनलले नेपालमा सन २००१ देखि दीर्घकालीन विकासका कामहरु मार्फत बालबालिकाको सम्बृद्धिमा आफ्नो कार्यक्रमहरु सुरुवात गरेको हो । हाल वर्ल्ड भिजन इन्टरनेशनल नेपाल मोरङ, उदयपुर, सर्लाही, महोत्तरी, रौतहट, सिन्धुली, काठमाण्डौं, लमजुङ, ललितपुर, अछाम, डोटी, जुम्ला, कैलाली र बझाङ्ग गरी छ प्रदेशका चौध जिल्लामा क्रियाशील छ ।*

PRESS RELEASE

# World Vision International Nepal supported 1000 Personal Protective Equipment (PPE) and 120 IR thermometers to the Government of Nepal

**Kathmandu**, **22 April 2020 -** World Vision International Nepal (WVIN), has supported 1,000 PPE and 120 Infrared (IR) thermometers to the Government of Nepal on 22 April amidst concerns about spread of COVID-19 in the country. The PPE sets and hygiene kits were handed over to the Ministry of Health and Population by Honorable Minister of Women, Children and Senior Citizens, Parbat Gurung at the premises of the Ministry with the presence of few government representatives. Each kit comprises of 19 different items including protective gears and medical supplies. WVIN supported the governments with PPE sets and hygiene kits as a part of its three-month comprehensive response plan to scale up the government's preventive efforts to limit spread of the virus in the country, and support children, women and the most vulnerable families impacted by COVID-19.

During the handover event, Hon'ble Minister of Women, Children and Senior Citizen, Parbat Gurung said, *"Nepal Government recently decided to mobilise non-governmental organisations to curb CoVID-19 spread after cabinet's decision. Following the decision, World Vision International Nepal has handed over medical supplies to the Ministry of Women, Children and Senior Citizens considering the immediate need of the government to prevent spread of CoVID-19. With the facilitation of Social Welfare Council, World Vision is probably the first international non-governmental organization that approached the Ministry with a large quantity of medical supplies. These supplies will reach to 13 districts including critically affected district Udayapur at present. I would like to encourage all the other international and national organisations to coordinate with the Ministry considering immediate needs of the government for response activities."*

National Director of WVIN Janes Imanuel Ginting highlighted, *"Being an active partner of the Government of Nepal (GoN), we are committed to supporting the government in its mission to prevent outbreak of coronavirus in the country. Since 2001, World Vision has been advertently supporting with the government to address national development priorities as well as humanitarian crisis including the earthquakes of 2015. Our COVID-19 response, focuses our existing working districts but we are committed to supporting other districts/areas if the situation demands. As a child-focused organisation, World Vision is humbled to contribute to efforts undertaken to support well-being of children in Nepal. We remain committed to address development gaps by aligning our works with the GoN's social and economic development priorities and the Sustainable Development Goals (SDGs)."*

WVIN's first 30 days of the response focused on preparedness by supplying much need PPE to health facilities and medical professionals, and support government on preventive messaging through traditional and social media. Beyond 30 days, the response will focus on addressing immediate needs of the affected families and communities and subsequently supporting them to restore their livelihoods through multi-sectorial (health, education, protection and livelihood) initiatives. Keeping children at the core, the response will be implemented across 14 working districts of WVIN initially with room for expansion to other districts/areas depending on the need.

<u>For more information and interviews contact:</u>

**Ms. Pratistha Koirala**
Communications Manager, World Vision International Nepal
Email: pratistha_koirala@wvi.org
Mobile: +977 9849405976
Skype: pratistha.koirala

**Notes for the editor:**

*World Vision is a child focused relief, development and advocacy organization that has contributed to transformation in the lives of millions of children around the world in vulnerable situations. WV aspires to achieve this through partnership with local communities, civil societies, government and private sectors where we believe in mutual participation and trust, shared vision and goal, accountability and responsibility. We are child focused organization driven by Christian values to serve children and families regardless of their religion, age, gender, ethnicity, class and caste.*

*World Vision International Nepal (WVIN) is a part of the World Vision International global partnership operating in more than 100 countries. WVI started its long-term development programme in Nepal since 2001 to contribute for well-being of children. At present, WVIN has long-term development programmes in Morang, Sunsari, Udayapur, Sarlahi, Mahottari, Rautahat, Sindhuli, Kathmandu, Lamjung, Lalitpur, Jumla, Kailali, Achham, Doti and Bajhang across six provinces of Nepal.*

-END-